# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ माघ ८ गते

## आमसञ्चारमाथिको आक्रमण बन्द गर

हालैका दिनमा बन्द आह्वानकर्ताहरूद्वारा सञ्चारकर्मीहरूलाई दिइएको धम्की र सूचना संकलनमा गरिएको अवरोध एवम् 'कान्तिपुर' लगायतका आमसञ्चारमाध्यमका सवारी साधन तथा उपकरणहरूमाथि भएको आगजनी र तोडफोडप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आमसञ्चार माध्यममाथि हुने कुनै पनि आक्रमणबाट 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८' को धारा १९, 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' को धारा १९, 'नेपालको अन्तरिम संविधान, २०६३' धारा १५ र २७ तथा 'सूचनाको हकसम्बन्धी ऐन, २०६४' ले प्रत्याभूत गरेका नागरिकका आधारभूत अधिकारहरू हनन हुने भएकोले यसप्रति सचेत र जिम्मेवार बन्न आयोग सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदछ ।

केही समय अघि फ्रान्समा गरिएको पत्रकारहरूको हत्या र पत्रिकाको कार्यालयमा गरिएको आक्रमणको पनि आयोग भर्त्सना गर्दछ ।

आमसञ्चारमाथिको आक्रमणले विचार र अभिव्यक्ति स्वतन्त्रता एवम् सूचनाको हकजस्ता आधारभूत अधिकारमा कुठाराघात हुने भएकोले यस्ता क्रियाकलापहरू सधैंका लागि बन्द गर्न आयोग सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदछ ।



.....................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org